नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# निजामती किताबखाना

हरिहरभवन, पुल्चोक, ललितपुर ।

## निजामती कर्मचारीले आ.व. २०७४।०७५ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरूरी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा ऐन, २०४९ को दफा ५४ एवं निजामती सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) बमोजिम प्रत्येक निजामती कर्मचारीले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको हुँदा आ.व. २०७४/०७५ को सम्पत्ति विवरण निर्धारित ढाँचाको फाराममा भरी प्रत्येक निजामती कर्मचारीले अलग अलग खाममा बन्द गरी देहाय बमोजिमको विवरणहरू खाम बाहिर उल्लेख गरी सम्बन्धित कार्यालय मार्फत वा सिधै २०७५ साल साउन १ गतेदेखि भदौ २९ गतेभित्र निजामती किताबखानामा दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ ।

| आ.व. २०७४।०७५ को सम्पत्ति विवरण | |
|---|---|
| कर्मचारीको संकेत (सिटरोल) नम्बरः- | श्रेणी/तहः- |
| नाम थरः- | कार्यरत कार्यालयः- |
| पद/दर्जाः- | मोबाइल नम्बरः- |
| सेवा/समूहः- | ईमेल ठेगाना (ऐच्छिक):- |

१. अध्ययन बिदा, असाधारण बिदा, काज, तालीम, निलम्वनमा रहेका तथा आ.व.२०७४।०७५ मा सेवा निवृत्त कर्मचारीले समेत अनिवार्य रूपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२. २०७५ साउन १ गतेदेखि भदौ २९ गतेसम्म सार्वजनिक बिदाका दिन बाहेक अन्य दिन बिहान ९:०० बजेदेखि बेलुका ६:०० बजेसम्म र शुक्रबारका दिन बिहान ९:०० बजेदेखि बेलुका ४:०० बजेसम्म सम्पत्ति विवरण बुझाउन सकिनेछ ।

३. सम्पत्ति विवरण दर्ता गर्ने अन्तिम दिन २०७५ साल भदौ २९ गते कुनै सार्वजनिक बिदा परेमा पनि निजामती किताबखाना सम्पत्ति विवरण दर्ता प्रयोजनको लागि खुल्ला रहनेछ ।

४. हुलाक/कुरियर वा अन्य कुनै निकायमा जुनसुकै मितिमा दर्ता भएतापनि निजामती किताबखानमा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ । म्यादपछि अर्थात २०७५ भदौ २९ गते पश्चात प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानिनेछ ।

५. सम्पत्ति विवरण समयभित्र प्राप्त भई दर्ता भएको जानकारी खाममा लेखिएको नेपाल टेलिकम वा एनसेलको नम्बरमा SMS बाट गराइनेछ । SMS प्राप्त भएपछि आफ्नो नाम र संकेत नम्बर मिले नमिलेको यकिन गर्न सकिनेछ ।

६. यस विभागको वेवसाइट www.pis.gov.np बाट सम्पत्ति विवरण फाराम डाउनलोड गर्न, दर्ता भएको सम्पत्ति विवरणको दर्ता नं. हेर्न र सोको प्रिन्ट गर्न सकिनेछ । अन्य जानकारीका लागि विभागको फोन नं. ०१-५०१०१४९, फ्याक्स नं. ०१-५०१०२१७ र ई-मेल *info@pis.gov.np* मार्फत सम्पर्क गर्न सकिनेछ ।

**द्रष्टव्यः**

सम्पत्ति विवरण पेश वा दर्ता गराउने दायित्व सम्बन्धित कर्मचारीको भएकोले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुज्रेको कारण सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्बन्धित कर्मचारी नै जिम्मेवार हुनेछ ।